annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २६५ पृष्ठ ८ | काठमाडौं, बुधबार १६ माघ २०८१ | मार्ग कृष्णपक्ष औंसी, नेपाल संवत् ११४५ | WEDNESDAY, JANUARY 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## सामाजिक सञ्जाल दुरुपयोगमा कडा कानुनको मस्यौदा संसद्‌मा

सामाजिक सञ्जालको जथाभावी प्रयोग र बढ्दो दुरुपयोग रोक्न भन्दै सरकारले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमनसम्बन्धी विधेयक संसद्‌मा दर्ता गरेको छ । उक्त विधेयकमा सामाजिक सञ्जालको प्रयोगमा कडाइ र दुरुपयोगमा दण्डको व्यवस्था गरिएको छ । सामाजिक सञ्जालको दुरुपयोग गर्नेलाई ५ वर्ष कैददेखि २५ लाखसम्म जरिवानाको प्रस्ताव गरिएको छ । सामाजिक सञ्जालको दर्ता, सम्पर्क बिन्दुको स्थापना र सचेतनासम्बन्धी केही राम्रा व्यवस्था पनि विधेयकमा छन् । संसद्‌ले पारित गरेपछि यसले कानुनीरूप लिनेछ ।

| कसुर | सजाय |
| --- | --- |
| अनुमति नलिई सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गरेमा | २५ लाखसम्म जरिवाना |
| राष्ट्रहित प्रतिकूल हुने कार्य गरेमा | ५ वर्षसम्म कैद वा ५ लाख जरिवाना वा दुवै सजाय |
| साइबर बुलिङ गरेमा | २ वर्षसम्म कैद वा ३ लाख रुपैयाँ जरिवाना, वा दुवै सजाय |
| साइबर स्कटिङ गरेमा | ३ वर्षसम्म कैद वा ५ लाखसम्म जरिवाना वा दुवै सजाय |
| कसैको आइडी वा सूचना ह्याक गरेमा | ३ वर्षसम्म कैद वा १५ लाख सम्म जरिवाना, दुवै सजाय |
| बीभत्स तस्बिर वा अडियो वा भिडियो पोस्ट वा सेयर गरेमा | ३ महिनासम्म कैद वा ५० हजार जरिवाना वा दुवै सजाय |
| अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गरेमा | २ वर्षसम्म कैद वा ३ लाख जरिवाना वा दुवै सजाय |
| फिसिङ वा इम्पोस्टर स्क्याम गरेमा | ३ वर्षसम्म कैदव वा १५ लाख जरिवाना वा दुवै सजाय |
| सेक्सटोर्सन वा एक्सटोर्सन गरेमा | ३ वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजाय |
| डिपफेक भिडियो अपलोड वा प्रसार गरेमा | २ वर्षसम्म कैद वा ३ लाखसम्म जरिवाना वा दुवै सजाय |
| बेनामी वा छदमभेषी पहिचान बनाएर प्रयोग गरेमा | ५ वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजाय |
| सामाजिक सञ्जालमा कसुर गर्न दुरुत्साहन गरेमा | प्रचलित कानुनमा थप एक वर्ष कैद |



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

एमाले संसदीय दल

## अध्यादेशको पक्षमा सदनमा सशक्त रूपमा प्रस्तुत हुने



**अन्नपूर्ण** | *काठमाडौं*

संघीय संसद्‌को हिउँदे अधिवेशनमा एमाले रक्षात्मक रूपमा प्रस्तुत हुने भएको छ। सरकारले जारी गरेका ६ वटा अध्यादेशदेखि सरकारका कामकारबाहीका विषयमा दह्रोरूपमा संसद्‌मा प्रस्तुत हुने एमालेको तयारी छ। माओवादी केन्द्र लगायतका विपक्षी दलले अध्यादेशविरुद्ध भ्रम छर्ने काम गरेको भन्दै एमालेले सशक्त प्रतिवाद गर्ने जनाएको छ।

माघ १८ गतेदेखि प्रारम्भ हुने हिउँदे अधिवेशनको तयारीबारे छलफल गर्न मंगलबार बसेको एमाले संसदीय दलले अध्यादेशका विषयलाई लिएर प्रतिपक्ष दलले भ्रम फैलाएको भन्दै त्यसको प्रतिवाद गर्ने निर्णय गरेको हो। संसदीय दलका नेता एवं प्रधानमन्त्री केपी शर्मा ओलीले सदनमा तथ्य र तर्कका आधारमा संयमित र जिम्मेवार रूपमा प्रस्तुत हुन सांसदहरूलाई निर्देशन दिए। उनले प्रभावकारी उपस्थिति जनाउन सांसदहरूलाई आग्रह गर्दै अरूले गलत आरोप र भ्रम छरेमा रचनात्मक र सशक्त प्रतिवाद गर्न निर्देशन दिए। आइतबार मात्रै कांग्रेस एमालेसहित सत्तासीन दलहरूको बैठक बसेर अध्यादेश लगायतका विषयमा एक्कढिक्का भएर जाने निर्णय गरेका थिए।

एमाले मुख्य सचेतक महेशकुमार बर्तौलाले सांसदहरू संसदीय काम र प्रक्रियाहरूलाई आफ्नो पहिलो दायित्व र जिम्मेवारी ठानेर उपस्थित हुनुपर्ने बताए। उनले भने, 'सरकारको नेतृत्व गरेको संसदीय दलका सदस्यहरूले यो अधिवेशनमा संसद्‌मा खेल्नुपर्ने भूमिकाका बारेमा केन्द्रित रहेर छलफल गरेका छौं। संसदीय काम र प्रक्रियाहरू नै सांसदको पहिलो दायित्व र जिम्मेवारी हो भन्ने कुरामा बैठकको निष्कर्ष छ।'

उनले प्रमुख प्रतिपक्ष र विपक्षी दलले अनावश्यक मोर्चाबन्दी गरेर सरकारमाथि भ्रमको खेती गरिरहेको बताए। 'सरकारले असाध्यै महत्वपूर्ण ढंगबाट काम गरिरहेको छ। देश र जनताको हितलाई केन्द्रमा राखेर र सुशासन प्रबर्द्धनलाई ध्येय बनाएर काम गरिरहेको छ,' उनले भने, 'तर प्रमुख प्रतिपक्ष र विपक्षी दलले अनावश्यक मोर्चाबन्दी गरेर सरकारमाथि निशाना बनाइरहेको छ। मुलुकलाई भ्रमतर्फ लैजाने खेतापाती गरिरहेका छन्।' बैठकमा प्रधानमन्त्री एवं अध्यक्ष ओलीले सरकारले ल्याएका विभिन्न अध्यादेशप्रति आमरुपमा सकारात्मक प्रतिक्रिया प्राप्त भएको र सरकार देशलाई पछ्यौंटेपनबाट उन्नतस्तरमा लाने प्रयासमा अग्रसर रहेको बताए।

» बाँकी पृष्ठ ६

## 'टिकटक अधिग्रहण गर्न माइक्रोसफ्ट वार्तामा'

वासिङ्टन (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले टिकटक अधिग्रहणका लागि माइक्रोसफ्टले वार्ता गरिरहेको जनाएका छन्। यद्यपि अमेरिकामा यस एपको भविष्य अनिश्चित छ। टिकटकले अमेरिकी कानुनको सामना गरिरहेको छ। अमेरिकी कानुनले कम्पनीलाई आफ्नो चिनियाँ मालिक बाइटडान्सबाट अलग हुन वा अमेरिकामा प्रतिबन्धित हुन आदेश दिएको छ।

सोमबार राति माइक्रोसफ्ट टिकटक अधिग्रहणको वार्तामा छ कि भनेर सोधिएको प्रश्नमा ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूलाई भने, 'म हो भन्छु, टिकटकमा धेरै चासो छ, टिकटकमा ठूलो रुचि छ।' उनले एउटा 'बोलकबोल युद्ध' को पनि राम्रो विकास हुने टिप्पणी गरे।

चिनियाँ सरकारले अमेरिकीहरूको जासुसी गर्न वा अमेरिकी जनमतलाई गोप्य रूपमा प्रभाव पार्न सक्ने चिन्ताका कारण भिडियो-सेयरिङ प्लेटफर्ममाथि प्रतिबन्ध लगाउने कानुन जनवरी १९ देखि लागू गरेको थियो।

तर, ट्रम्पले बेइजिङसँग समाधान खोज्दै यसको कार्यान्वयन अढाई महिनाका लागि स्थगित गरेका छन्। सिएफआरए रिसर्चका एन्जेलो जिनोका अनुसार माइक्रोसफ्ट सम्भावित खरिदकर्ताहरूमध्ये एक हो, जसको टिकटकमा लगानी गर्ने कारण छन्।




## अमेरिकाका आप्रवासी, सबै आत्तिनु पर्दैन

**अनिल अधिकारी** | *अमेरिका*

अमेरिकामा यतिबेला कागजपत्रविहीन आप्रवासीहरूमा सन्त्रास छ। विश्वभरका १ सय ९६ मुलुकका मानिसहरूले खोजिरहेको अमेरिकी सपना के हुने हो? यसै भन्न सकिने अवस्था छैन। विशेषगरी कागजपत्रको प्रक्रिया पूरा गरी नसकेका आप्रवासीहरूमा त्रास देखिन्छ। सिकागो, न्युयोर्क, टेक्ससलगायतका केही राज्यमा कागजपत्र नभएका आप्रवासीहरू धरपकडमा परेसँगै यस्तो सन्त्रास थपिएको हो। आप्रवासनप्रति कठोर नीति अपनाउने राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रतिबद्धता र कार्यकारी आदेशहरूले अमेरिकाभित्र रहेका लाखौं आप्रवासीहरूको जीवनमा अनिश्चितता थपिएको हो। यद्यपि राष्ट्रपति ट्रम्पले अनधिकृत रूपमा बसेकाहरूबाहेक अन्यको हकमा कुनै कदम नचाल्ने बताइरहेका छन्।

राष्ट्रपति ट्रम्पले ४७औं राष्ट्रपतिको कार्यभार सम्हालेलगत्तै आप्रवासी नीतिसम्बन्धी कार्यकारी आदेशहरू हस्ताक्षर गरेलगत्तै आईसीई, इमिग्रेसन एन्ड कस्टुम इन्फोर्समेन्टले निगरानी तीव्र पारिरहेको छ। सीएनए, बीबीसीलगायतका ठूला अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले आप्रवासनसम्बन्धी प्रकाशित गरेका समाचारहरूलाई आधार मान्ने हो भने, ठूलो संख्यामा कागजपत्रविहीन आप्रवासीहरूमाथि निगरानी भइरहेको छ।



**अमेरिकाको कोलोराडोमा अवैध आप्रवासीहरूलाई धरपकड गरिँदै ।**

**के कागजपत्रको प्रक्रिया पूरा नभएका सबै आत्तिनुपर्ने हो ?**

यतिबेला फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जालमा दुई, चारवटा लाइक, कमेन्टका खातिर आधा समाचार र आधा जानकारी दिनेहरूले अमेरिकालगायत विश्वभर अमेरिकी आप्रवासन आतंक नै मच्चाएका छन्। युट्युबमा केही भ्युवर्स पाउनकै खातिर अमेरिकामा फलानालाई समात्यो, ढिमकानोलाई समात्यो भन्ने समाचारहरू देख्न पाइन्छ। न्युयोर्कका चर्चित कानुन व्यवसायी केशवराज सेडाईं भन्छन्, 'त्यसरी सबै जना आत्तिनुपर्ने भन्ने होइन र त्यस्तो सबै डराउनुपर्ने भन्ने पनि होइन्। जो जसरी अमेरिकामा आएको भए पनि कागजपत्रको प्रक्रियामा रहेकाहरू भने आत्तिनुपर्ने छैन।'

**कागजी प्रक्रियामा रहेकाहरू अन्तिम फैसला नहुँदासम्म अतालिनु पर्दैन**

सेडाईं थप्छन्, अमेरिकाको ग्रिनकार्डका लागि प्रक्रियाको थालनी नै नगरेकाहरू तथा कानुनविपरीत बसेकाहरू भने पक्कै सचेत हुनुपर्दछ। कुनै पनि मानिस, जुनसुकै माध्यमबाट अमेरिकामा पुगेको छ र त्यो व्यक्तिले अमेरिकाको स्थायी बसोबासको अनुमतिपत्रका लागि प्रक्रियाको थालनी नै गरेको छैन, भने त्यस्ता व्यक्ति पक्कै सर्तक हुनु पर्दछ।

कानुन व्यवसायीहरूको भनाइअनुसार, अमेरिकामा ग्रिन कार्डको प्रक्रियामा नगएका, ग्रिन कार्डका लागि अदालत तथा सम्बन्धित निकायबाट अयोग्य ठहरिएरसमेत लामो समय अमेरिकामा बसोबास गरिरहेका, भिजिट भिसामा अमेरिका पुगी लामो समयसम्म अमेरिकामै बसिरहेका तथा अनधिकृत रूपमा काम गरिरहेका, आपराधिक क्रियाकलापमा संलग्न रहेका तथा अदालतले दोषी ठहऱ्याएकाहरू भने पक्कै समातिन सक्छन्। कानुन व्यवसायीहरू भन्छन्, यता कागजपत्रको प्रक्रियाका लागि अदालतमा केस पेन्डिङमा रहेका, यूएससीआईएसमा केस पेन्डिङमा रहेका तथा कुनै आपराधिक क्रियाकलापमा संलग्न नभएकाहरू आत्तिनुपर्ने छैन।'

» बाँकी पृष्ठ ६


